# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:- ४०३* *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय: **Cash Against Documents (CAD)** को आधारमा निकासी गर्न निर्यात अनुमतीपत्र जारी गर्ने वारे ।

महाशय,

CAD व्यवस्था अन्तर्गत भारतबाहेक अन्य मुलुकतर्फ निर्यात गर्न चाहने निर्यातकर्ताहरूको लागि निम्न लिखित शर्तहरू पालना गर्नुपर्ने गरी त्यस्तो निर्यात अनुमति सम्बन्धीत बैंक/वित्तीय संस्थाहरू मार्फत गर्न सकिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

<u>शर्तहरू</u>

१. एक पटकमा बढीमा अमेरिकी डलर २,००,०००।- (अमेरिकी डलर दुई लाख) सम्मको सामान निर्यात गर्न अनुमति प्रदान गर्न सकिनेछ ।

२. अद्यावधिक दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

३. निर्यात गर्न माग भएको रकमलाई पुष्टि गर्ने बीजक (Invoice) वा बिक्री सम्बन्धी सम्झौता (Sales Contract) वा खरीद आदेश (Purchage Order) संलग्न हुनुपर्नेछ ।

४. निर्यात मूल्यको ५ प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्वन्धित बैंक/वित्तीय संस्थालाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा लिनुपर्नेछ ।

५. यस्तो निर्यातको भुक्तानी प्राप्त भएपछि धरौटी फुकुवा सम्बन्धित बैंक/वित्तीय संस्था आफैले गर्नसक्नेछ ।

६. निर्यात अनुमतिपत्र जारी भएको मितिले ६ (छ) महिना भित्र निर्यात मूल्य बराबरको रकम भुक्तानी नआएमा सम्बन्धित बैंक/वित्तीय संस्थाले त्यस्ता सुरक्षणपत्रहरू रोक्का गरी ७ (सात) दिनभित्र यस बैंकलाई अनिवार्यरूपमा जानकारी गराउनु पर्नेछ ।

७. बैंक/वित्तीय संस्थाहरूले निर्यात अनुमतिपत्र जारी गर्दा निर्यातकर्ता पार्टीले जुन भन्सार कार्यालयबाट सामान निर्यात गर्ने हो, सो भन्सार कार्यालयको नाममा मात्र यसैसाथ संलग्न नमूना अनुसारको निर्यात अनुमतिपत्र जारी गर्नुपर्नेछ ।

**द्रष्टव्य: बैंक ग्यारेन्टीको आधारमा निर्यात गर्नुपरेमा यस बैंकको स्वीकृति लिनुपर्नेछ ।**

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४०३ प्रयोजनको लागि)

श्री ...................भन्सार कार्यालय

........................................ ।

विषयः- **CAD (Cash Against Documents)** को आधारमा निकासी गर्न निर्यात अनुमतीपत्र दिइएको वारे ।

महाशय,

मेशर्श .................................. को मिति .................................. को निवेदनबाट माग भई आए अनुसार उक्त उद्योग/फर्मलाई CAD अन्तर्गत .................................. मूल्य बराबरको .................................. सामान त्यस भन्सार कार्यालयबाट निकासी गर्न स्वीकृति दिइएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

| | |
|---|---|
| .................................. | .................................. |
| आधिकारिक दस्तखत | आधिकारिक दस्तखत |

<u>बोधार्थ</u> :-

१. मेशर्श ..................................

........................................... ।